**काभ्रे जिल्ला, पाँचखाल नगरपालिकामा भएको Food Poisoning (बिसाक्त खाना सेवन) को घटना र ससरी जिल्लाको कन्चनरुप र हनुमाननगर कंकालनी नगरपालिकामा फैलिएको मौसमी रुघाखोकी (Seasonal Influenza) सम्बन्धमा मिती २०७५ भाद्र ३१ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रेस विज्ञप्ति (#४)**

**१) पाँचखाल नगरपालिका वार्ड न. ९, ११ र १२ मा भएको Food Poisoning (बिसाक्त खाना सेवन) को घटना सम्बन्धमाः-**

स्थानीय स्वावलंबन सहकारी सस्थाले तीजको अबसरमा आयोजना गरेको मिति २०७५ भाद्र २२ को दर खाने कार्यक्रममा करिब ५९० जना स्थानीयहरु सहभागी रहेको र सहभागीहरुमा खाना (दर) खाए पश्चात करीब ६ घण्टा पछि बान्ता आउने तथा पेट दुख्ने, ज्वरो आउने जस्ता लक्षणहरु देखा परेका थिए । जम्मा बिरामी संख्या **४८९** अभिलेखीकरण गरीएको छ ।

१. NPHL ले गरेको दुई ओटा पानी जांचको नतीजा **नमुना १ माः** Coliform >१८०, E-coli>१४ र **नमुना २ माः** Coliform >१८०, E-coli>१८० आएको छ ।
२. धुलिखेल अस्पताल तथा त्रि. बि. शिक्षण अस्पतालबाट प्राप्त जानकारी अनुसार ३५+१ (३६) जनामा entamoeba histolytica positive आएको छ र शिर मेमोरीअल अस्पतालमा २ जनामा Salmonella देखीएको छ ।
३. बिधि विज्ञान प्रयोगशालामा पठाइएको food sample र पानी नमुना जांच गर्दा कुनैपनि विषादि नरहेको जानकारी प्राप्त भएको छ ।

उक्त दिन देखि नै प्रभावितहरुको उपचार तपसिल अनुसारका अस्पतालहरुमा भएको र आजसम्म बिरामी भर्नाको दिउँसो ४:०० **बजे सम्मको** विवरणः-

| क.स् | उपचाररत अस्पतालको नाम | जम्मा उपचार भएका | आजको बिरामी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | धुलिखेल अस्पताल | १८५ | - | १८५ डिस्चार्ज |
| २ | शिर मेमोरियल अस्पताल | ९७ | - | ९० डिस्चार्ज, ७ रिफर गरिएको |
| ३ | पाटन एकेडेमी अफ हेल्थ साइन्स | ११ | १ | १० डिस्चार्ज, १ वार्डमा (अवस्था सुधार भएको, २७ बर्ष) |
| ४ | बालुवा आउटरीच सेन्टर | ३५ | - | ३३ डिस्चार्ज, २ रिफर गरिएको |
| ५ | पाँचखाल प्राथमिक स्वास्थ्य केन्द्र | ६७ | - | ५७ डिस्चार्ज, १० रिफर गरिएको |
| ६ | पाँचखाल पोलिक्लनिक | ४६ | - | ३१ डिस्चार्ज, ६ रिफर गरिएको, ९ जना औषधी लिन आएको |
| ७ | बनेपा अस्पताल | ५ | - | ५ डिस्चार्ज |
| ८ | निजामती अस्पताल | २ | - | पाँचखाल पोलिक्लिनिक बाट रिफर गरिएको (डिस्चार्ज) |
| ९ | त्रि.बि. शिक्षण अस्पताल | १ | १ | अवस्था स्थिर (अन्य रोगको कारण भर्ना भएको) |
| १० | कान्ती बाल अस्पताल | ५ | - | ५ डिस्चार्ज |
| ११ | श्री वीरेन्द्र अस्पताल | १ | १ | विरामी ठिक भई हाल चोटपटक लागेर भर्ना भएको |
| १२ | काठमाडौं मेडिकल कलेज शिक्षण | २ | १ | २ डिस्चार्ज, १ जना गर्ववती महिला भएकोले भर्ना |

(१)

| क्र.स् | उपचाररत अस्पतालको नाम | जम्मा उपचार भएका | आजको बिरामी संख्या | कैफियत |
|---|---|---|---|---|
| | अस्पताल | | | भएको |
| १३ | हेल्थ क्याम्प, भावना मा .बि., बालुवामा | ३१ | - | बिभिन्न अस्पतालहरुमा थप उपचारका लागी रिफर गरीएको |
| | जम्मा | ४८९ | ४ | |

**तालीका १: उमेर र लिंग अनुसारको बर्गीकरणः-**

| क्र.स् | उमेर समूह | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | ० - १४ | ९२ | ८४ | १७६ | |
| २ | १५ - ५९ | २६ | २४० | २६६ | |
| ३ | ६० बर्ष माथी | ६ | २४ | ३० | |
| जम्मा | | | | *४८९ | *१८ जना बिरामीहरुको उमेर अनुसारको विवरण प्राप्त हुन नसकेको |

घटना घटेको दिन मिति २०७५/०५/२३ गते शनिबारनै सचिवज्यूको निर्देशनमा स्वास्थ्य सेवा विभागका महानिर्देशकज्यूको नेतृत्वमा स्वास्थ्य मन्त्रालय गुणस्तर मापन तथा नियमन प्रमुख, स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई प्रमुख तथा बिश्व स्वास्थ्य संगठन लगायत जिल्लाको RRT, प्रमुख जिल्ला अधिकारी तथा प्रहरी बलको संयुक्त टोलिले घटनास्थलको स्थलगत अध्ययन गरि आबश्यक स्वास्थ्य सेवा तथा उपचार मा सहजीकरण गरेको ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय HEOC मार्फत स्थानीय रुपमा प्रत्यक्ष सेवा पुर्याउने धुलिखेल अस्पताल, शिर मेमोरीअल, पाटन अस्पताल, जिल्ला प्रशासन कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, खाद्य प्रबिधि तथा गुण नियन्त्रण बिभाग, पाँचखाल प्राथमिक स्वास्थ्य केन्द्र, सम्बन्धित स्थानीय नगरपालिका लगायात संग स्थलगत रुपमा समन्वय, परीचालन तथा निरन्तर सम्बाद, समन्वय तथा बिरामीहरुको अबस्थाको बारे निरन्तर फलोअप गरिरहेको छ । साथै इपिडीमियोलीजीकल अन्वेषण गर्ने कार्य निरन्तर रहेको छ ।

यस घटनाको व्यवस्थापनमा खटिनुहुने सम्पूर्ण स्वास्थ्यकर्मी, अस्पताल, संघसँस्था, व्यक्तित्व तथा समुदाय, पत्रकार, तथा सम्बन्धीत सबैलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय हार्दिक धन्यबाद ज्ञापन गर्दछ ।

नेपाल सरकार स्वास्थ्य मन्त्रालय

५/२४

**२) ससरी जिल्लाको कन्चनरुप र हनुमाननगर कंकालनी नगरपालिकामा फैलिएको मौसमी रुघाखोकी (Seasonal Influenza) सम्बन्धमाः-**

हालै ससरी जिल्लाको कन्चनरुप र हनुमाननगर कंकालनी नगरपालिकामा देखीएको र पत्र पत्रिकाहरूमा प्रेषित भएको खबर अनुसार हंकंग फ्लु र Swine फ्लु भनेको र विपद क्षेत्र घोषणा भन्ने सम्बन्धमा सो नभनी यसको virus नेपालकै बाताबरणमा पहिले देखि पाइने भएकोले यो **मौसमी रुघाखोकी (Seasonal Influenza)** नै हो र कन्चनरुप नगरपालिकाबाट प्राप्त विवरण अनुसार स्थानीयस्तर बाट स्वास्थ्य सुरक्षाको लागी गरीएको प्रयास स्वरुप (जोखिम भनी निर्धारण गरीएको पाइयो) सो सम्बन्धमा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन (ऐन - २०७४) अनुसार विपद संकटग्रस्त क्षेत्रको घोषणाः ***"नेपालको कुनै पनि ठाउँमा गम्भीर प्रकृतिको विपद उत्पन्न भएकोले विपद संकटग्रस्त क्षेत्रको घोषणा गर्न आबश्यक देखिएमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो क्षेत्रको सिमाना र अबधि तोकी विपद संकट ग्रस्त क्षेत्र घोषणा गर्नेछ।"*** भनि स्पस्ट व्यवस्था छ | सो अनुसार निर्णय भएको छैन |

- रुघाखोकी, ज्वरोको कारणबाट हाल सम्म जम्मा ४ जनाको मृत्यु भएको समाचार सम्बन्धमा मिति २०७५ साल भाद्र ८, १९, २१ र २७ गते मृत्यु भएको र सो मृत्यु मध्ये ८ र ९ गते भएको मृत्यु को बिरामीको नमुना लिन नसकेको कारणले विस्तृत अनुसन्धान र निदान हुन नसकेको, १ जना मृत्यु भएको सम्बन्धमा भारतबाट आउंदा नै सिकीस्त (Pnemoniya with ARDS with Sepsis, Septic Shock, AKI) अवस्थामा रहेको र धरान तथा बिराटनगरमा उपचार हुँदाहुदै मृत्यु भएको एबम भाद्र २४ गते स्वास्थ्य सेवा बिभाग र BPKHIS तथा जिल्लाको टोलीले प्रभिबित क्षेत्रमा गइ ११२२ जना बिरामीको स्वास्थ्य परिक्षण गरी १६ + ८ (२४) ओटा नमुना लिइएको र उक्त नमुना मा A H1N1 (pdm09) - १, Influenza A H3 – १० + २ (१२) जनामा positive देखिएको | समग्ररुपमा यस सम्बन्धमा स्वास्थ्य सेवा बिभाग, BPKHIS, जिल्ला प्रसाशन, जिल्ला स्वास्थ्य, स्थानीय नगरपालीका र WHO को टोली स्थानीय स्तरमा Verbal Autopsy एबम् थप investigation र आबश्यक व्यवस्थापनको लागि औषधि सहितको टोली खटिरहेको छ |
- नेपालमा यो Influenza दुईवटा मौसममा (बर्षायाममा र जाडो मौसममा) समस्याको रुपमा देखिने गर्दछ | यो खासमा अहिले मानिसबाट मानिसमै सर्ने समुदायमै भइरहेको रोग हो | तसर्थ यसलाई मौसमी रुघाखोकी (Seasonal Influenza) नै भनिन्छ |

**मौषमी रुघाखोकी र यसको असरबाट बच्ने उपायहरुः** - कुनै कुरा छोएपछि, खाना अघीपछि र साबुन पानीले हात मिचीमिची धुने, - हाच्यू गर्दा, खोक्दा हातको पाखुरा वा रुमाल वा कुनै कपडाले नाक र मुख छोप्ने, - हात नमिलाउने, नमस्ते भन्ने बानी बसाउने, बिरामीलाई छुट्टै कोठामा आराम गर्न लगाई प्रस्स्त मात्रामा झोलिलो खानेकुरा संगै सन्तुलित आहार दिने - भीडभाडमा नजाने, विरामी भन्दा दुई हात अथवा १ मीटर टाढा बस्ने, पानी उमालेर मात्र पिउनको लागि हार्दिक अनुरोध छ |

- आज मिति २०७५ भाद्र ३१ गते निमित्त सचिवज्यू एबम् प्रमुख विशेषज्ञ डा. सुशील नाथ प्याकुरेलज्यूको अध्यक्षतामा बसेको बैठकले स्थानीय स्तरमा समन्वय गर्ने आबश्यक पर्दा स्वा. से. वि., प्रदेश, जिल्ला, मेडिकल कलेज र अन्य संघ सँस्थाहरु संग आबश्यक समन्वय र सहयोग गर्ने साथै HEOC र EDCD ले समन्वय गरी विवरणहरुको जानकारी सम्बन्धित निकायहरुमा गराउने र थप सजगता आपनाइ अन्य व्यवस्थापन गर्ने निर्णय भएकोले सम्पूर्ण सम्बन्धित निकायहरु तथा व्यक्तित्वहरुलाई यस प्रतिकार्यमा खटिएकोमा हार्दिक धन्यबाद दिदै आगामी दिनहरुमा आबश्यक सहयोग एबम समन्वय को लागि हार्दिक अनुरोध छ |

५/३१

चुडामणि भण्डारी
प्रमुख, स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई (HEDMU)/
Health Emergency Operation Center (HEOC)

मितिः २०७५/०५/३१

**फोन** HEOC: ०१-४२५०८४५| EDCD: ०१-४२५५७९६
**इ-मेल** :heocmohp@gmail.com| EDCD: ewarsedcd@gmail.com
**वेबसाइटः** heoc.mohp.gov.np| EDCD: www.edcd.gov.np

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
रामशाहपथ, काठमाडौं

**सप्तरी जिल्लाको** कञ्चनरुप **र हनुमाननगर कंकालनी नगरपालिकामा फैलिएको मौसमी रुघाखोकी** (Seasonal Influenza) **को हालको अवस्था र व्यवस्थापन तपसिल अनुसार रहेको व्यहोरा अनुरोध छ ।**

- कञ्चनरुप नगरपालिकाका विभिन्न वडाहरुमा स्वास्थ्य शिविर सञ्चालन गरी निरन्तर रुपमा रुघाखोकी, ज्वरोबाट प्रभावित बिरामीहरुको उचार व्यवस्थापन कार्य भईरहेको ।
- मिति २०७५ भाद्र २४ गते देखि २०७५ भाद्र ३० गते सम्म BPKIHS, NPHL, WHO, कञ्चनरुप नगरपालिका, EDCD द्वारा विभिन्न वडाहरुमा संचालन गरिएका स्वास्थ्य शिविरहरुमा जम्मा २१५९ जना मौसमी रुघाखोकीका लक्षण भएका बिरामीहरुको उपचार गरिएको । भाद्र ५ देखी हालसम्म ३५०० जना बिरामीहरुको उपचार गरिएको ।
- आज मिति २०७५ भाद्र ३१ मा पुनः इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट इपिडिमियोलोजी शाखा प्रमुख डा. प्रकाश शाह को नेतृत्वमा प्रभावित स्थान तर्फ टोली परिचालन गरिएको । यस महाशाखाबाट भाद्र २२ गते देखि भाद्र २८ गते सम्म चिकित्सक सहितको टोली परिचालन गरिएको ।
- इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट प्रभावित क्षेत्रमा स्वास्थ्यकर्मिहरुका लागि थप (100 pcs) N-95 mask पठाईएको । साथै संकास्पद इन्फ्लुएन्जाबाट प्रभावित बिरामीहरुको प्रयोगशाला परिक्षण गर्न राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट कंचनपुर प्राथमिक स्वास्थ्य केन्द्रमा थप सामग्रीहरु पठाइएको ।
- राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्र (NHEICC) बाट प्रभावित क्षेत्रमा १०,००० थान सूचना सामग्रीहरु (IEC materials) पठाइएको।
- WHO बाट प्रभावित क्षेत्रमा उपचार व्यवस्थापनमा सहजिकरण गर्न WHO Emergency District Support (WEDS) Officer हरु परिचालन गरिएको । प्रदेश न. २ बाट डा. सोनिया भगत र प्रदेश न. १ बाट डा. इराना जोशी सहितको टोली परिचालित।
- जिल्ला जनस्वास्थ्य कार्यालय, सप्तरी र अन्तर्गतका स्वास्थ्य संस्थाहरु बाट २५ जना स्वास्थ्यकर्मीहरु परिचालन गरी प्रभावित क्षेत्रमाउपचार व्यवस्थापन कार्य गरिएको ।
- मौसमी रुघाखोकीबाट बच्ने उपायहरु बारेमा सूचना सन्देशहरु FM Radio र स्थानीय संचारमाध्यमहरुबाट नियमित रुपमा प्रवाह भईरहेको ।

- रुघाखोकीका लक्षण भएका बिरामीहरुको २४ वटा Throat swab को नमुना संकलन गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुमा परिक्षण गरिएकोमा **१२ वटामा Influenza A/H3** र **१ वटामा Influenza A/H1N1** भेटिएको ।
- हाल सम्म जम्मा **४ जनाको मृत्यु** भएको सम्बन्धमा मृत्युको सम्भावित कारण पत्ता लगाउनका लागि BPKIHS बाट खटिएको विज्ञ टोलीद्वारा Verbal Autopsy गर्दा **" viral infection with secondary bacterial infection"** भई मृत्यु भएको आशंका गरिएको। तत्पश्चात हालसम्म थप मृत्यु नभएको ।
- यस महाशाखा, जिल्ला जनस्वास्थ्य कार्यालय, सप्तरी, कञ्चनपुर प्रा.स्वा.के., , कञ्चनरुप नगरपालिका र प्रभावित क्षेत्रमा खटिएका WHO लगायत अन्य टोलीहरु संग निरन्तर सम्पर्कमा रहिरहेको ।